# SYNERGY POWER DEVELOPMENT LIMITED
# सिनर्जी पावर डेभलपमेन्ट लिमिटेड

बालुवाटार, काठमाण्डौ । फोन: ०१-४५१३२१२

## १९औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८२/०९/०५ गते)**

**आदरणीय शेयरधनी महानुभावहरू,**

यस कम्पनीको मिति २०८२/०९/०३ गते बिहीबार दिउँसो ३:०० बजे बसेको सञ्चालक समितिको १७०औं बैठकको निर्णय बमोजिम आ.व.२०८१/०८२ को १९औं वार्षिक साधारण सभा निम्न लिखित प्रस्तावहरू पारित गरी आगामी ४ वर्ष पदावधिको लागि सञ्चालक निर्वाचन गर्न निम्न मिति, समय र स्थानमा बस्ने भएको हुँदा शेयरधनी स्वयं उपस्थित हुन वा रीत पूर्वक प्रतिनिधि मुकरर गरी पठाईदिनुहुन सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारीका लागि कम्पनी ऐन, २०६३ को दफा ६७ को (२) बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान:-**

**मिति: २०८२ साल पौष २८ गते सोमबार (तद्अनुसार १२ जनवरी, २०२६)**

**समय: बिहान ११:०० बजे ।**

**स्थान: अम्रपाली ब्याङक्वेट, भाटभटेनी, काठमाडौं ।**

**साधारण सभाको विषयसूची:-**

**(क) सामान्य प्रस्ताव :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नु हुने आ.व. २०८१/०८२ को वार्षिक आर्थिक विवरण सहितको वार्षिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।

२. आ.व.२०८१/०८२ को लेखापरीक्षकको प्रतिवेदन र सोही आ.व.को वार्षिक वित्तीय विवरण अन्तर्गत वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन र सोसँग सम्बन्धित सम्पूर्ण अनुसूचिहरु स्वीकृति गर्ने सम्बन्धमा ।

३. आ.व.२०८२/०८३ को लेखापरीक्षक नियुक्त गर्ने र निजको पारीश्रमिक तोक्ने सम्बन्धमा ।

४. स्वतन्त्र सञ्चालकको नियुक्ती अनुमोदन र सञ्चालक समिति गठन गर्ने सम्बन्धमा ।

**(ख) विशेष प्रस्ताव**

१. कम्पनीको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धमा ।

२. सञ्चालक समितिबाट वितरण गर्न सिफारिस भए बमोजिम २०८२ साल आषाढ मसान्तसम्मको सञ्चित मुनाफाबाट चुक्ता पूँजी रू. १,२०,९८,६२,५००/ को १० प्रतिशत बोनश शेयर रू. १२,०९,८६,२५०/ र कर प्रयोजनको लागि ०.५२६३ प्रतिशत अर्थात रू. ६३,६७,५०६/३४ नगद लाभांश स्वीकृत गर्ने सम्बन्धमा ।

३. नियामक निकायबाट पूँजी संरचना परिवर्तनको स्वीकृति लिन वा कम्पनीको संशोधित प्रबन्ध पत्र तथा नियमावलीमा कुनै थपघट वा संशोधन गर्न आवश्यक छ भनि निर्देशन दिएको खण्डमा उक्त कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

४. १ महिला सहित ४ जना सञ्चालक निर्वाचन सम्बन्धमा ।

**(ग) विविध**

### साधारण सभा सम्बन्धी अन्य जानकारी :-

१. सभामा उपस्थित हुने शेयरधनी महानुभावहरूले आ-आफ्नो D-MAT खाताको विवरण वा शेयरधनी दर्ता प्रमाण पत्रको प्रतिलिपिको साथमा स्पष्ट परिचय खुल्ने परिचयपत्र अनिवार्य रुपमा लिई आउनुहुन अनुरोध गरिन्छ ।

२. कम्पनीको शेयर दाखिल खारेज दर्ता कार्य बन्द (Book Close) मिति २०८२/०९/१४ गते एक दिन हुनेछ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा २०८२/०९/१३ गतेसम्म कारोबार भई प्रचलित कानून बमोजिम यस कम्पनीको शेयर रजिष्ट्रार श्री ग्लोबल आइएमई क्यापिटल लि. नक्साल, काठमाडौंबाट प्राप्त शेयर दाखिल खारेजको आधारमा शेयरधनी दर्ता कितावमा रेकर्ड कायम भएका शेयरधनीहरूले मात्र यस सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न सक्ने छन् ।

३. सभामा भाग लिन प्रतिनिधि (प्रोक्सि) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरूले सभा शुरू हुने समयभन्दा ४८ घण्टा अगाडी कम्पनीको रजिष्टर्ड कार्यालयमा प्रतिनिधी-पत्र दर्ता गराउनु पर्नेछ । प्रतिनिधी भएको व्यक्ति शेयरधनी हुनु पर्नेछ । तर सभामा प्रतिनिधि दिने व्यक्ति स्वयं आफू उपस्थित भएको खण्डमा प्रतिनिधि पत्र स्वतः बदर हुनेछ । एकै शेयरधनीको एक भन्दा बढी प्रतिनिधि पत्रलाई मान्यता दिइने छैन, सबै बदर गरिनेछन् । प्रतिनिधि नियुक्त गर्ने फाराम कम्पनीको रजिष्टर्ड कार्यालय वा बेबसाइट www.synergyhydro.com बाट प्राप्त गर्न सकिनेछ ।

४. संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न सक्नेछ । संयुक्त रुपमा शेयर लिएको शेयरधनीको हकमा सर्वसम्मत एक व्यक्ति मात्र सभामा भाग लिन पाउँनेछ ।

५. सञ्चालकको निर्वाचन सम्बन्धी निर्देशिका, कार्यक्रम र कार्यतालिका निर्वाचन हुने मितिभन्दा ७ (सात) दिन अघि कम्पनीको सूचना पाटीमा टाँस गरी कम्पनीको वेबसाइट www.synergyhydro.com मा समेत राखिनेछ ।

६. कम्पनीले स्वीकृत गरेको सञ्चालकको निर्वाचन सम्बन्धी निर्देशिका बमोजिम सञ्चालकहरूको निर्वाचन सम्पन्न हुनेछ । सञ्चालकको लागि उम्मेदवारी दिन इच्छुक शेयरधनीले सञ्चालकको निर्वाचन सम्बन्धी निर्देशिका माग गरेमा निर्वाचन अधिकृतको कार्यालयबाट प्राप्त गर्न सक्नेछन् ।

७. वार्षिक साधारण सभा हुने मितिभन्दा कम्तिमा ७ (सात) दिन अघि निर्वाचन अधिकृतको कार्यालय तोकिने छ । सञ्चालकको निर्वाचन सम्बन्धी जानकारीका लागि निर्वाचन अधिकृतको कार्यालयमा सम्पर्क राख्नु हुन जानकारी गराइन्छ ।

८. साधारणसभामा भाग लिन आउनुहुने शेयरधनीहरूको हस्ताक्षरको लागि उपस्थिति पुस्तिका बिहान ९:३० बजेबाट खुल्ला गरिनेछ ।

९. विविध शीर्षकमा छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनुभन्दा ७ (सात) दिन अगाडि छलफलको विषय सहितको निवेदन कम्पनीको रजिष्टर्ड कार्यालयमा दर्ता गराएको हुनुपर्नेछ । उक्त प्रस्ताव उपर सभामा छलफल गर्ने वा नगर्ने अधिकार सञ्चालक समितिमा निहित रहने छ ।

१०. कम्पनीका शेयरधनी महानुभावहरूलाई वार्षिक साधारण सभाको सूचना, वार्षिक प्रतिवेदन, वित्तीय विवरणलाई निजले कम्पनीलाई उपलब्ध गराएको ठेगानामा उपलब्ध गराइनेछ । सो हुन नसकेको खण्डमा कम्पनीको बेबसाइट www.synergyhydro.com वा रजिष्टर्ड कार्यालयको फोन नं. ०१–४५१३२१२ मा सम्पर्क गरी प्राप्त गर्न सकिनेछ ।

**सञ्चालक समितिको आज्ञाले,**

**कम्पनी सचिव**